मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

मुख्यमन्त्री

मिति:- २०८१।०२।१५

११४४ बछलागाः पञ्चमी, मंगलबार

**गणतन्त्र दिवस–२०८१ को शुभकामना**

जनताको जित भएको विशेष दिन गणतन्त्र दिवसका अवसरमा देश विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी एवं दाजुभाईहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु । नेपाली जनताका प्रतिनिधिमार्फत् संविधानसभाको पहिलो बैठकबाट घोषणा गरिएको गणतन्त्र जनताको बलिदानीपूर्ण संघर्षको प्रतिफल हो ।

यो महत्वपूर्ण दिनमा गणतन्त्र स्थापनाका लागि भएका विभिन्न संघर्षहरुमा प्राण उत्सर्ग गर्ने सम्पूर्ण महान् सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते तथा अपाङ्ग हुनुभएका र बेपत्ता योद्धाहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

नेपाल आमाका हजारौं छोराछोरीको बलिदानको बलमा प्राप्त गणतन्त्रलाई संस्थागत गर्दै संविधानको कार्यान्वयन गर्ने आजको हाम्रो प्रमुख कर्तब्य हो । त्यसबाट मात्र संघीयता, धर्मनिरपेक्षता, समानुपातिक, समावेशी सिद्धान्तलाई कार्यान्वयन गर्न सकिन्छ । राज्यको सर्वोच्च ओहोदामा रहेका पदाधिकारीहरुको पहिलो कर्तव्य त्यही हो ।

संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका लागि आजको दिनमा थप सुदृढ राष्ट्रिय एकता जरुरी भएको छ । संविधान अनुरुप राज्य संयन्त्रमा भएको परिवर्तन सबै जनताले अनुभूत गर्न सक्नेगरी कार्यान्वयन भए मात्र यसको औचित्य स्थापित हुनेछ । गणतन्त्रसँगै स्थापित भएको संघीयताको प्रभावकारी कार्यान्वयन गर्दै जनअपेक्षा अनुरुप शासन सञ्चालन गर्नु र प्रदेशको औचित्य स्थापित गर्नु आजको हाम्रो जिम्मेवारी हो ।

यस अवसरमा संविधानको मर्म र भावना अनुसार अघि बढ्न, राष्ट्रहित, गणतन्त्र र संविधानको रक्षार्थ एकजुट हुँदै उद्देश्यप्रति समर्पित हुन सबैमा प्रेरणा मिलोस्, सम्पूर्ण नेपालीहरुमा गणतन्त्र दिवसको हार्दिक बधाई एवम् शुभकामना !

हिक्मतकुमार कार्की
मुख्यमन्त्री

फोन नं. +९७७-०२१-४७५१६६
ईमेल:- info.ocmcm@p1.gov.np